# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू, दैलेख

दुल्लू नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुल्लू, दैलेख
२०७३

**प्रथम पटक प्रकाशित मिति : २०७५/८/१६**

**दुल्लू नगरपालिका, नगर कार्यपालिका कार्यालयको लागि आवश्यक कार्यालय सामग्री खरिद सम्वन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**शिलवन्दी दरभाउपत्र नं. : १४/०७५/०७६**

यस कार्यालयको लागि आवश्यक विभिन्न कार्यालय सामान सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकाले इजाजत प्राप्त रजिष्ट्रर्ड फर्म, कम्पनी वा सप्लायर्सहरुवाट देहायका सर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना आव्हान गरिएको छ ।

**सर्तहरु :**

१) प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनको (२०७५/९/१ गते) कार्यालय समय भित्र रु. १०००/- (अक्षेरुपी एक हजार मात्र) फिर्ता नहुने गरी यस कार्यालयमा नगदै बुझाएको आम्दानी रसिद, ०७५।०७६ का लागि नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, आ.व.०७४।०७५ को कर चुक्ता प्रमाण पत्र वा करमा विवरण पेश गरेको कागजात र नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी पव्लिकद्वारा प्रमाणित प्रतिलिपिहरु निवेदन साथ संलग्न राखी रु. १० को टिकट टाँसी कार्यालय समय भित्र दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र खरिद गर्न सक्नेछ ।

२) खरिद गरेको शिलवन्दी दरभाउपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको ( २०७५/९/२ गते) १२.०० बजे भित्र शिलवन्दी गरी यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएको शिलवन्दी दरभाउपत्र सोहि दिनको २.०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । शिलवन्दी दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३) शिलवन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापत अनुमानित लागत अंकको ३ प्रतिशतले हुन आउने धरौटी रकम रा.बा.बैंक दुल्लू शाखा स्थित दुल्लू नगर कार्यपालिका कार्यालयको हि.नं. ४३४०३०३००७१०२ मा नगदै जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारवाट मान्यता प्राप्त बाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिवाट कम्तिमा ९० दिन म्याद भएको विडवण्ड समेत पेश गर्नु पर्नेछ ।

४) दरभाउपत्रदाताले कवोल गरेको प्रत्येक आईटमको मु.अ.कर वाहेकको इकाई मूल्यलाई अंक र अक्षरमा प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित रकम फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा सहीछाप गरी फर्म वा कम्पनीको छाप लगाउनु पर्नेछ ।

५) नेपाल सरकारको हितलाई ध्यानमा राख्दै प्राप्त भएका शिलवन्दी दरभाउपत्रहरु पूर्णरुपमा स्वीकार गर्ने, आंशिकरुपमा स्वीकार गर्ने वा पूर्णरुपमा अस्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै शिलवन्दी दरभाउपत्रमा उल्लेख भएको कार्यालय सामानको परिमाणमा थपघट समेत हुन सक्नेछ । यसरी परिमाणमा थपघट भएता पनि दरभाउपत्रदाताले कवोल गरेकै दररेटमा उपलव्ध गराउनु पर्नेछ । साथै स्वीकृत भएको दररेट २०७६ असार मसान्त सम्मको लागि मान्य हुनेछ ।

६) दरभाउपत्रदाताले आफुले खरिद गरेको दरभाउपत्र नै दर्ता गराउनु पर्नेछ । यस कार्यालयवाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन । साथै छायाँप्रति तयार गरी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईनेछैन ।

प्रमुख प्रशासकीय अधिकृत

७) दरभाउपत्रदाताले दरभाउपत्र साथ आफु खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यावसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखितरुपमा गरेको स्वघोषणा संलग्न गर्नु पर्नेछ ।
८) म्याद नाघी आएको, रित नपुगेको र सर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन ।
९) दरभाउपत्र खरिद गर्दा कम्पनी वा फर्मको आधिकारीक व्यक्ति स्वयं उपस्थित हुनु पर्नेछ र आफु उपस्थित हुन नसकेमा उक्त संस्थाले आफुले पठाएको प्रतिनिधिको परिचय खुल्ने कागजात, संस्थाको छाप, आफ्नो लेटर प्याडमा शिलवन्दी दरभाउपत्र खरिद गरि पाउँ भन्ने निवेदन पेश गरेमा दरभाउपत्र खरिद गर्न सकिनेछ ।
१०) शिलवन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले १५ दिन भित्र स्वीकृत दरभाउपत्रदाताले स्वीकृत रकम (मु.अ.कर) सहितको ५ प्रतिशतको हिसावले हुने जमानत रकम राष्ट्रिय वाणिज्य बैंक दुल्लू शाखा स्थित यस नगर कार्यपालिका कार्यालयको नाममा खोलिएको धरौटी खाता नं.४३४०३०३००७१०२ मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र स्वीकृत भएको मितिले कम्तिमा ३ (तीन) महिना म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) साथ सम्झौता गर्न आउनु पर्नेछ । यसरी म्याद भित्र सम्झौता गर्न नआएमा सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेख भए अनुसार हुनेछ ।
११) शिलवन्दी दरभाउपत्र सम्वन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको जिन्सी शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२) यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

**१३) कुल इष्टिमेट रकम :**

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न प्रकारका कार्यालय सामान (विद्युतीय र फर्निचर सम्बन्धी सामानहरु) | १५,७५,८२७/- (भ्याट बाहेक) | |

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको ***website: www.dullumun.gov.np*** मा समेत हेर्न सकिनेछ ।)

प्रमुख प्रशासकीय अधिकृत